इच्छाकामना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कुरिनटार, चितवन
बागमती प्रदेश,नेपाल

## रोजगार संयोजक र प्राविधिक सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७७।०५।०९)

प्रस्तुत बिषयमा इच्छाकामना गाउँपालिकामा संचालित रोजगार सेवा केन्द्रको लागि आवश्यक रोजगार संयोजक र प्राविधिक सहायक पद करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका ईच्छुक नेपाली नागरिकले १५ दिन भित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ।

तपसिल

| क्र स | विज्ञापन नं | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ०१।०७७।०७८ | रोजगार संयोजक | स्थानीय सेवाको अधिकृत स्तर छैटौं तह सरह | १ |
| २ | ०१।०७७।०७८ | प्राविधक सहायक | स्थानिय सेवाको पाचौं तह सरह | १ |

१. आवश्यक न्यूनतम योग्यता र अनुभवः

<u>रोजगार संयोजकका लागि</u>

क.नेपाल सरकारबाटमान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातक तह वा सो सरह उतिर्ण भएको।

ख. अनुभव र सीपः रोजगार संयोजकमा देहायका अनुभव र सीप आवश्यक पर्नेछः

- पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान सुपरीवेक्षण र अन्तिम गर्न सक्ने र विश्लेषण गर्न सक्ने आयोजनाको लक्ष्य र परिमाण हासिल गर्न टोलीमा काम गरेको अनुभव पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएको।

ग. उमेरः कम्तीमा २१ बर्ष पुरा भइ ४५ बर्ष नघाघेको।

<u>प्राविधिक सहायकका लागि</u>

क सिभिल इन्जिनियरिङ्गमा प्रविणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उतिर्ण भएको

ख अनुभव र सीपः प्राविधिक सहायकमा देहायका अनुभव र सीप आवश्यक पर्नेछः

- कम्तीमा ३ महिने तालिम लिई आधारभूत कम्प्युटर सीप भएको
- पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान सुपरीवेक्षण र अन्तिम गर्न सक्ने र विश्लेषण गर्न सक्ने आयोजनाको लक्ष्य र परिमाण हासिल गर्न टोलीमा काम गरेको अनुभव पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएको।

ग उमेरः कम्तीमा १८ बर्ष पुरा भइ ४५ बर्ष नघाघेको।

२. दरखास्त दिने स्थानः इच्छाकामना गाउँपालिकाको कार्यालय, कुरिनटार, चितवन।

३. दरखास्त दिने अन्तिम मितिः २०७७।०५।२३ गते

४. आवेदनको दस्तरः संयोजक रु. १०००।-(रु. एक हजार मात्र।-) र प्राविधिक सहायकको लागि रु ४००।-( )

५. छनौटको किसिमः कार्यविधिमा तोकिए अनुसार।

७७।०५।०९

इच्छाकामना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कुरिनटार, चितवन
बागमती प्रदेश,नेपाल

६. आवेदन साथ संलग्न कागजातहरुः आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु नागरिकताको प्रतिलिपि, न्यूनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र, चारित्रिक प्रमाणपत्र, अनुभव खुल्ने कागजात, दुई प्रति पासपोर्ट साइजको फोटो ।

७. सेवा सुविधाः प्रधानमन्त्री रोगजार कार्यक्रमबाट निर्धारण भए अनुसार ।

८. पदले सम्पादित गर्नुपर्ने कार्य विवरणः कार्यविधिमा तोकिए अनुसार ।

नोटः प्रारम्भिक योग्यताक्रमको सूचिसंगै परिक्षाको मिति, समय र स्थान तोकी सूचना प्रकाशन गरिनेछ। (आवेदकको ढाँचा र प्राविधिक सहायक पदको कार्यविवरण लगायत अन्य जानकारी www.pmep.gov.npमा उपलब्ध छ। थप जानकारीको लागि गाउँपालिका प्रशासन शाखामा सम्पर्क गर्नुहुन वा मो नं ९८४१००२१८६ मा सम्पर्क गर्नुहुन अनुरोध छ ।)

प्रमुख प्रशासकीय अधिकृत